श्री
# उच्च अदालत तुलसीपुर
२०७३

☎ ०८२-५२०९४४
०८२-५२१७७५
फ्याक्स नं.:- ०८२-५२००२४
Email:info.hctulsipur@Supremecourt.gov.np
admin.hctulsipur@Supremecourt.gov.np

पत्र संख्याः-

चलानी नं.:-

मितिः-..................................

मितिः-२०७८/०१/१६

## सूचना!   सूचना!!   सूचना!!!

नोवल कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट विश्वव्यापीरुपमा फैलिरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारको मिति २०७८/०१/०६ मा जनस्वास्थ्यसम्बन्धी विभिन्न मापदण्डसहितको आदेश जारी गरेको अवस्था एवं जिल्ला प्रशासन कार्यालय दाङबाट मिति २०७८/०१/१७ गते विहान ६.०० वजे देखि २०७८/०१/२५ गते बेलुका ६.०० बजेसम्म दाङ जिल्ला भर निषेधाज्ञा जारी गरिएको सन्दर्भमा सर्वसाधारणको आवागमनमा असहजता भै अदालतको कामकारवाहीहरु समेत प्रभावित हुने भएकोले बन्दीप्रत्यक्षीकरण, कोभिड-१९ सँग सम्बन्धित रिट निवेदन, प्रक्राउ पूर्जी जारी, जरुरी पक्राउ पूर्जी समर्थन, अभियोगपत्र दर्ता, बयान, थुनछेक आदेश, म्याद थप र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ वमोजिमको निवेदन बाहेक अदालतबाट प्रवाह हुँदै आएका अन्य सेवाहरु निषेधाज्ञा अवधिभरका लागि स्थगन गर्ने। साथै उपरोक्तमा उल्लेखित सेवाहरु प्रवाह गर्दा हालको स्वास्थ्य संवेदनशीलताको अवस्थालाई मध्यनजर गरी सकभर विद्युतीय माध्यमबाट प्रवाह गर्ने व्यवस्था मिलाउने र निषेधाज्ञा अवधिमा तारेख तोकिएका मुद्दाका पक्षहरुलाई निषेधाज्ञा अन्त्य भएपश्चात ७ (सात) दिन भित्र उपस्थित भई तारिख लिन आउन यस अदालतको मिति २०७८/०१/१६ गतेको पूर्ण बैठकबाट निर्णय भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

०७८/१/१६

मानबहादुर बिष्ट
उपरजिष्ट्रार